पर्यटकीय नगरी
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
पशु सेवा शाखा
LIVESTOCK SERVICE SECTOR
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल।
FIKKAL,ILAM,KOSHI PROVINCE ,NEPAL

प.सं. ०८०/०८१
च.नं.

प्रथम पटक प्रकाशित मिति : २०८०।०९।२३
निवेदन पेश गर्ने अन्तिम मिति : २०८०।१०।२३

विषय :- लम्पी स्कीन डिजीज बाट मृत्यु भएका पशु चौपायाहरुलाई राहत वितरण सम्बन्धी

सूचना ।

यस सूर्योदय नगरपालिका क्षेत्रभित्र पशु चौपायाहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्कीन डिजीजबाट मृत्यु भएका पशुहरुको धनीलाई **"सूर्योदय नगरपालिकाको लम्पी स्कीन डिजीज रोकथाम, नियन्त्रण र राहत सम्बन्धी कार्यविधि २०८०"** अनुसार राहत दिने कार्यक्रम रहेको हुँदा लम्पी स्कीन डिजीजबाट माउ गाई ,कोरली र जोत्ने गोरुको मृत्यु भएका कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपशिल बमोजिमका कागजात सहित सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :-
१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. आ.व. २०८०/०८१ को तिरो तिरेको रसिदको प्रतिलिपी
३. मृत्यु भएको पशुको तस्वीर

बिपिन कुमार सिंह
पशु चिकित्सक
बिपिन कुमार सिंह
पशु चिकित्सक

**थप जानकारी :**

- लम्पी स्कीन डिजीजबाट पशु चौपायाको मृत्यु भई बीमा कम्पनीबाट क्षतिपूर्ति पाइसकेका कृषकहरुलाई यस कार्यबिधि बमोजिम राहत रकम उपलब्ध गराइने छैन ।

- कृषकहरुबाट प्राप्त भएका निवेदन उपर कार्यविधि बमोजिम विभिन्न चरणमा छानविन एवं परीक्षण गरिनेछ । झुटा विवरण पेश गरेको पाइएमा विवरण पेश गर्नेलाई नगरबाट प्रवाह हुने सबै किसिमका सेवाबाट बञ्चित गरिनेछ । साथै झुटा विवरण पेश गरि राहत पाएको प्रमाणित भएमा सो किसानबाट राहत पाएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

| रु. १० को टिकट |
|---|

श्री सूर्योदय नगरपालिका
पशुसेवा शाखा
फिक्कल,इलाम ।

मिति : २०८०।

विषय : राहत रकम उपलब्ध गराई पाँउ ।

उपरोक्त सम्बन्धमा यस सूर्योदय नगरपालिका पशुसेवा शाखाको मिति २०८०।०९।२३ मा प्रकाशित सूचना अनुसार लम्पी स्कीन डिजीज बाट मृत्यु भएको पशु चौपायाहरुको धनिलाई राहत वितरण गर्ने कार्यक्रम भएको हुँदा मेरो तपशिलमा उल्लेख भएका विवरण अनुसारको पशुको मृत्यु भएको हुँदा **"सूर्योदय नगरपालिकाको लम्पी स्कीन डिजीज रोकथाम ,नियन्त्रण र राहत सम्बन्धी कार्यविधि २०८०"** अनुसारको राहत रकम उपलब्ध गराई दिनुहुन सत्य तथ्य विवरण सहित यो निवेदन पेश गरेको छु । फरक परे कानून बमोजिम सहुँला बुझाउँला ।

तपशिल

१) मृत्यु भएको पशुको किसिम :-

✓ (कुन पशु हो चिन्ह लगाउनुहोला)

(क)माउगाई (ख) कोरली (ग) जोत्ने गोरु

२) उमेर : -
३) रंग :-
४) जात :-
५) वेत :-

६) पशु विरामी भएको मिति :
७) मृत्यु भएको मिति :-
८) उपचार गरेको प्राविधिकको नाम :-

**स्वघोषणा :**

१) बीमा कम्पनिबाट क्षतिपूर्ति लिएको छैन ।

२) पेश गरे वमोजिमको पशु चौपायाको मृत्यु भएकोमा कुनै पनि किसिमको विवरण ठिक साँचो हो । गलत प्रमाणित भएमा **"सूर्योदय नगरपालिकाको लम्पी स्कीन डिजीज रोकथाम ,नियन्त्रण र राहत सम्बन्धी कार्यविधि, २०८०"** बमोजिम कारवाही हुनमा मेरो मञ्जुरी छ ।

निवेदक
सही :
नाम :
ठेगाना :
नागरिकता नं.
सम्पर्क नं. :

| दायाँ | बायाँ |
|---|---|
| | |